(Poliomyelitis – Nepali Version)

# स्वास्थ्य जानकारी - संक्रामक रोग

## पोलियो

### कारक माध्यम

यो पोलियो भाइरस द्वारा उत्पन्न भएको हो।

### रोगको लक्षणहरु

रोगले मुख्य रुपमा सानो बच्चाहरुलाई प्रभाव गर्छ।

यसले ज्वरो, टाउको दुख्ने, वान्ता, पेटमा असुविधा, मांसपेशी दुख्ने, घाँटी र पीठमा कडापन, अनि पक्षाघात उत्पन्न गर्न सक्छ।

धेरै बिरामीहरु ठीक हुन्छन्, तर सिकिस्त मामिलाहरुमा, यसले स्थायी विकलांगता अनि मृत्युको कारण हुन सक्छ।

### सर्ने तरीका

रोग अत्यधिक संक्रामक हुन्छ। यो व्यक्ति-देखि-व्यक्तिमा फैलिन्छ, मुख्य रुपले मल-मौखिक मार्गको माध्यम द्वारा। भाइरस मौखिक मार्गको माध्यम द्वारा शरीरमा प्रवेश गर्छ अनि अन्तमा केन्द्रीय तन्त्रिका तन्त्रमा आक्रमण गर्छ।

### भाइरसबाट संक्रमण भई रोगको लक्षण देखिने अवधी

सामान्य रुपमा यसलाई 7 देखि 14 दिन लाग्छ, र यसको समय सीमा 3 देखि 35 दिन सम्म हुन्छ।

## प्रबन्ध (हेर विचार)

संदिग्ध संक्रमित व्यक्तिहरुलाई अगाडिको प्रबन्ध (हेर विचार) र अलग बस्नुको लागि अस्पतालमा पठाउनु पर्छ। वर्तमानमा, रोगको लागि कुनै उपचार छैन।

## रोकथाम

रोगलाई रोकथाम गर्नलाई टीकाकरण सबैभन्दा प्रभावी तरीका हो। पोलियो खोप दुई प्रकारका हुन्छन्: मुखबाट लिइने मौखिक पोलियो खोप (OPV) अनि सुइबाट दिइने निष्क्रिय पोलियो खोप (IPV)। खोपको लागि हङकङमा बच्चाहरुले हङकङ बाल्यावस्था प्रतिरक्षण कार्यक्रम (HKCIP) <www.chp.gov.hk/en/view_content/17982.html> मा सिफारिश गरिएको अनुसूचिलाई पालन गर्नु पर्छ। 2007 देखि निष्क्रिय पोलियो खोप HKCIP मा प्रयोग गरिएको छ। वृस्तृत विवरणको लागि आमा बाबुहरुले परिवारको डाक्टरहरुसित परामर्श गर्नु पर्छ।

किनकि बिरामीको मूलमा भाइरस हुन सक्छ, हेरचार गर्नेहरुले बिरामीलाई हेरचार गर्दा स्वच्छताको अभ्यासहरुमा अतिरिक्त सावधानी लिन पर्छ।

जनवरी २०११